नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोनः ९८५१२८६७७०
०१-५३१९०४४

Email: cyberbureau@nepalpolice.gov.np

भोटाहिटी, काठमाडौं

मिति: २०८०-०४-२४ गते।

# प्रेस विज्ञप्ति

## अनलाइन मार्फत यौनहिंसा गर्ने व्यक्ति पक्राउ।

सामाजिक सञ्जाल फेसबुक एकाउन्टबाट फ्रेण्ड रिक्वेष्ट पठाई कुराकानी गर्दै जाने क्रममा नाबालिकासँग प्रेम सम्बन्धको बहाना बनाई अनलाइन अडियो र भिडियो कलको माध्यमद्वारा मानसिक तनाव दिन थाले पश्चात निज नाबालिकाले उक्त व्यक्तिको प्रोफाइल ब्लक गरी दिनुभयो। प्रोफाइल ब्लक पश्चात् सम्पर्क बिहिन भएपछि पीडकले अन्य अपरिचित व्यक्तिको अश्लील फोटो र भिडियोमा पीडित नाबालिकाको अनुहार जोडी (Morphed Image and Video) सामाजिक सञ्जालमा प्रकाशन तथा प्रदर्शन गरी दुःख हैरानी दिएकोले कानुन बमोजिम कारबाहीका लागि अभिवावक सहित यस ब्यूरोमा निवेदन दिनु भएकोले प्राप्त निवेदन माथिको प्रारम्भिक अनुसन्धान तथा प्राविधिक विश्लेषणबाट जिल्ला सिन्धुपाल्चोक ईन्द्रावती गा.पा. वडा नं. ९ बस्ने वर्ष १९ को समिर तामाङ र सोही वतन भएको सुरेश तामाङ खुल्न आएकाले निजहरुलाई विद्युतीय कारोबार ऐन २०६३, अपराध अन्तर्गतको कसूरमा मिति २०८०/०४/२३ गते जिल्ला सिन्धुपालचोकबाट पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतको आदेशले दुवैजानालाई दिन पाँच/पाँच(५/५) म्याद थप भई आवश्यक अनुसन्धान कार्य भइरहेको।

उप-निर्देशक
(पशुपति कुमार राय)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२८६७७२